पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब. नं. : ३९८७
सिंहदरबार, काठमाण्डौं

योजना, अनुगमन तथा समन्वय महाशाखा

(कार्यक्रम तथा योजना शाखा)

पत्र संख्या :-
चलानी नं.: ४२४
प्राप्त पत्र संख्या र मिति :-

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

मिति: २०७६।१०।१५

विषयः निर्देशिका स्वीकृत सम्वन्धमा ।

म. नि. दर्ता नं. :- २०३
मिति :- २०७६।१०।१६

श्री वन अनसन्धान तथा प्रशिक्षण केन्द्र,
बबरमहल, काठमाण्डौं ।

प्रस्तुत विषयमा ताहाँ केन्द्रबाट पेश हुन आएको **वैज्ञानिक वन व्यवस्थापनको प्राविधिक परीक्षण निर्देशिका,** २०७६ वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रिस्तर) को मिति २०७६।१०।१२ को निर्णय अनुसार स्वीकृत भएकोले आवश्यक कार्यार्थ ताहाँ पठाईएको व्यहोरा अनुरोध छ ।

(राजु गुरुङ्ग)
सहायक योजना अधिकृत

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# वैज्ञानिक वन व्यवस्थापनको प्राविधिक परीक्षण निर्देशिका, २०७६

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## वैज्ञानिक वन व्यवस्थापनको प्राविधिक परीक्षण निर्देशिका, २०७६

**प्रस्तावना:** नेपालको वन व्यवस्थापनकालागि राष्ट्रिय वन नीति, वन ऐन तथा नियमावली मुख्य मार्ग निर्देशक दस्तावेजको रुपमा  रहेका छन् । वैज्ञानिक वन व्यवस्थापन कार्यान्वयन कार्यविधि २०७१ ले वैज्ञानिक वन व्यवस्थापनको कार्ययोजना तयारी तथा कार्यान्वयन सम्बन्धमा विस्तृत मार्गदर्शनका रुपमा काम गर्दछ । वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना तयारीका क्रममा सैध्दान्तिक विषयहरुको अवलम्बन र कार्ययोजना बमोजिम कार्य सम्पादन भए नभएको वस्तुपरक रुपमा परीक्षण गर्न वन नियमावली, २०५१को नियम ६७ बमोजिम वैज्ञानिक वन व्यवस्थापनको प्राविधिक परीक्षण निर्देशिका, २०७६ तयार गरिएको छ ।

### परिच्छेद १: प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "वैज्ञानिक वन व्यवस्थापनको प्राविधिक परीक्षण निर्देशिका, २०७६" रहेको छ ।

(२) यो निर्देशिका वन तथा वातावरण मन्त्रालयवाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामाः

(क) "मन्त्रालय" भन्नाले वन तथा वातावरण मन्त्रालय सम्झनु पर्दछ ।

(ख) "समिति" भन्नाले निर्देशिकाको दफा ५ बमोजिम गठन गरिएको समितिलाई सम्झनु पर्दछ ।

(ग) "निर्देशिका" भन्नाले वैज्ञानिक वन व्यवस्थापनको प्राविधिक परीक्षण निर्देशिका, २०७६ सम्झनु पर्दछ ।

(घ) "केन्द्र" भन्नालेवन अनुसन्धान तथा प्रशिक्षण केन्द्र सम्झनु पर्दछ।

(ङ) "वन निर्देशनालय" भन्नाले प्रदेश वन निर्देशनालय सम्झनु पर्दछ ।

## परिच्छेद -२: उद्देश्य तथा सिद्धान्तहरु

**३. उद्देश्यहरु :** (१) वैज्ञानिक वन व्यवस्थापन कार्य वन सम्बर्धन प्रणाली र दीगो वन व्यवस्थापनको अवधारणा अनुरुप भए नभएको परीक्षण र विश्लेषण गर्ने ।

(२) वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाको कार्यान्वयन प्रचलित नीति, ऐन, नियमावली तथा निर्देशिका बमोजिम भए नभएको विश्लेषण गर्ने ।

(३) वन व्यवस्थापन कार्ययोजनामा उल्लेखित प्रावधान र सोको कार्यान्वयन पक्षको परीक्षण गर्ने ।

(४) वन व्यवस्थापन कार्ययोजनामा उल्लेखित सामाजिक, आर्थिक तथा वातावरणीय उद्धेश्य र सो प्राप्त गर्न राखिएका प्रावधानहरु र कार्यान्वयन पक्षहरुको परीक्षण र विश्लेषण गर्ने ।

**४. परीक्षणका सिध्दान्तहरु :** (१) कार्यदक्षता, प्रभावकारिता, औचित्यता, सक्षमता, सतर्कता, दीगोपनाको सिध्दान्तका आधारमा :

(क) व्यवस्थापन सुझावहरु उपयुक्त तथा औचित्यतपूर्ण भए नभएको परीक्षण गर्ने ।

(ख) साइट क्वालिटी अनुसार वन सम्बर्धन प्रणाली र  प्रविधि प्रयोग भए नभएको परीक्षण गर्ने ।

(ग.) वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनामा पैदावारको सदुपयोग र बिक्रीवितरणका प्रकृयाहरुमा भएका व्यवस्थाहरुको परीक्षण गर्ने ।

(घ) यिल्ड रेगुलेशन, पुनरोत्पादन, ब्लक तथा कम्पार्टमेन्ट विभाजन र वन संरक्षण सम्बन्धी सिध्दान्तको प्रयोगबारेमा परीक्षण गर्ने ।

## परिच्छेद ३ : समिति र प्राविधिक परीक्षण

**५. समितिः** वैज्ञानिक वन व्यवस्थापन प्राविधिक परीक्षणका लागि वन तथा वातारण मन्त्रालयबाट हरेक आर्थिक बर्षका लागि  देहाय बमोजिमको प्राविधिक परीक्षण समिति गठन गरिने छ ।

(क) वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको उप महानिर्देशक वा कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीको वन अनुसन्धान अधिकृत - संयोजक

(ख)उप सचिव (प्राविधिक), वन तथा भू संरक्षण विभाग एक जना - सदस्य

(ग) नेपाल सरकार, नेपाल वन सेवाको केन्द्रिय निकायको बहालवाला अधिकृत एक जना - सदस्य

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाडौं
महानिर्देशक
नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(घ) प्राविधिक परीक्षण हुने सम्बन्धित प्रदेशको वन निर्देशक वा प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले तोकेको वन अधिकृत - सदस्य

(ङ) प्रमुख, वन सम्बर्धन शाखा, केन्द्र - सदस्य सचिव

६. उक्त समितिले केन्द्रको महानिर्देशकको सामान्य निर्देशन रही निश्पक्ष र स्वतन्त्र रुपले कार्य सम्पादन गर्नेछ ।

७. समितिका सदस्यहरुले उच्च नैतिक आचरणमा रही परीक्षण कार्य सम्पादन गर्नु गराउनु पर्नेछ । सो सम्बन्धमा मन्त्रालयले समिति र सदस्यहरुलाई विशेष निर्देशन जारी गर्न सक्नेछ ।

८. परीक्षण कार्यका लागि आवश्यक अन्य सहयोगी जनशक्ति केन्दले व्यवस्थापन गरिदिनेछ ।

९. **प्राविधिक परीक्षण गर्नुपर्ने** : (१) केन्द्रले स्वीकृत वार्षिक कार्यक्रम र बजेट अन्तर्गत रही हरेक बर्ष वैज्ञानिक वन लागु भएका वनहरुमध्येबाट निशिचत संख्याका वनहरुको समिति मार्फत प्राविधिक परीक्षण गर्नुपर्नेछ । ।

(२) नेपाल सरकारबाट समय समयमा गठन हुने विशेष समिति वा संवैधानिक निकायहरुबाट माग भई आएमा जुनसुकै बखत मन्त्रालयले समिति मार्फत प्राविधिक परीक्षणको काम गराउन सक्नेछ ।

(३) परीक्षण गर्दा कोही कसैले अनियमित कार्य गरेको पाइएमा समितिले आफ्नो प्रतिवेदनमा सो कुरा उल्लेख गरी आवश्यक कारवाहीका लागि केन्द्र मार्फत सिफारिश गर्न सक्नेछ ।

## परिच्छेद ४: प्राविधिक परीक्षण समितिको पारिश्रमिक तथा खर्च

१०. प्राविधिक परीक्षणमा संलग्न हुने परीक्षण समितिका पदाधिकारीहरुलाई नियमानुसार दैनिक तथा भ्रमण भत्ता उपलब्ध हुनेछ ।

११. प्राविधिक परीक्षण समितिद्वारा परीक्षणका क्रममा लाग्ने खर्च वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको स्वीकृत बार्षिक कार्यक्रम बमोजिम तयार गरि स्वीकृत गरिएको लागत अनुमान अनुसार हुनेछ ।

## परिच्छेद ५: प्राविधिक परीक्षणका लागि वनको छनौट

१२. वैज्ञानिक वन व्यवस्थापनको प्राविधिक परीक्षणकालागि (१) केन्द्रले समिति समेतलाई संलग्न गराई बार्षिक बजेट तथा कार्यक्रमको स्वीकृत परिधी भित्र रही उपयुक्त सेम्पलिंग विधि प्रयोग गरी वन क्षेत्र छनौट गर्नेछ ।

(२) वनको छनौट गर्दा भौगोलिक क्षेत्र, प्रयोग गरिएका वन सम्बर्धनका विधि, प्रादेशिक तथा वन व्यवस्थापन पद्यति समेतको प्रतिनिधित्व हुने गरी समानुपातिक सिध्दान्तको आधारमा गरिनेछ ।

(३) सामान्यतया वैज्ञानिक वन व्यवस्थापन कार्यान्वयन भएको दुइ बर्ष भएका वनहरु परीक्षणका लागि छनौट गरिने छन ।

तर कुनै खास परिस्थितिमा मन्त्रालयले प्राविधिक परीक्षण गर्न आवश्यक ठानेमा जुनसुकै समयमा पनि प्राविधिक परीक्षण गर्न सकिनेछ ।

## परिच्छेद ६: प्राविधिक परीक्षणको प्रक्रिया

**१३. दस्तावेज अध्ययन तथा तयारीः** (१) समितिले परीक्षण हुने वन क्षेत्रको कार्ययोजना तथा अन्य प्रतिवेदन तथा रेकर्डहरुको चेकलिष्ट वनाई परीक्षण गरिने निकायबाट कागजातहरु माग गरी अनुसूची १ मा समेटिएका बिषयहरुमा अध्ययन गर्नुपर्नेछ ।

(२) कार्य प्रारम्भ गर्नु अघि डिभिजन वन कार्यालयमा बैठक सञ्चालन गरी थप आवश्यक तथ्यांक संकलन गर्नेछ । त्यहाँबाट प्राप्त तथ्यांकको आधारमा फिल्डमा गरिने अध्ययनका लागि प्रश्नालवी तथा अन्य आवश्यक तयारी गर्नुपर्नेछ ।

**१४. छलफल, अवलोकन तथा मापनः** छनौट भएको वन क्षेत्रमा गई उपभोक्ता तथा स्थानीय समूहमा छलफल तथा अन्तर्वार्ता सञ्चालन गर्नुपर्नेछ । तत् पश्चात वैज्ञानिक वन व्यवस्थापन लागु भएको क्षेत्रमा गई चेकलिष्ट बमोजिमका व्यवस्थापनको अवस्था अवलोकन तथा आवश्यक मापन गरी तथ्यांक संकलन गर्नुपर्नेछ ।

**१५. तथ्यांक विश्लेषण तथा प्रारम्भिक प्रतिवेदन तयारीः** (१) डिभिजनल वन कार्यालय तथा समूहको छलफल, वन क्षेत्रको अवलोकन तथा नापजाच र तथ्यांक संकलन पश्चात तथ्यांक विश्लेषण गरी संक्षिप्त प्रारम्भिक प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(२) वैज्ञानिक वन व्यवस्थापनका लागि वन क्षेत्र छनौट, वन स्रोत सर्वेक्षणको प्राविधिक पक्ष, माउ रुख छनौट, कटान तरिका तथा विक्री वितरणको अवस्था आदिका बारेमा विश्लेषण गरी आर्थिक, सामाजिक र पर्यावरणीय विषयहरु समेत समेटी संक्षिप्त प्रारम्भिक प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(३) प्रारम्भिक प्रतिवेदन सम्बन्धमा सरोकारवालहरुसंग छलफल गरी उनीहरुको प्रतिक्रिया लिई माइन्यूट समेत तयार पारी अनुसूची २ बमोजिमको अन्तिम प्रतिवेदनमा संलग्न गर्नुपर्नेछ ।

**१६.** समितिले परीक्षणको क्रममा नापजाँच भएका तथ्याङ्कलाई सुरक्षित राखी प्रतिवेदन पश्चात शिलबन्दी गरी केन्द्रमा बुझाउनु पर्नेछ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र
बबरमहल, काठमाडौं

## परिच्छेद ७: प्रतिवेदन

**१७. प्रतिवेदन तयार गर्ने :** प्राविधिक परीक्षण समितिले वैज्ञानिक वन व्यवस्थापनको परीक्षण पश्चात प्रतिवेदन तयार पारी केन्द्रको महानिर्देशक समक्ष पेश गर्नु पर्नेछ । प्रतिवेदनको ढाँचा अनुसूची २ बमोजिम हुनेछ ।

**१८. प्रतिवेदन बुझाउने र सुझावको पालना :** (क) केन्द्रले प्राविधिक परीक्षण समितिले तयार गरेको प्रतिवेदन कार्यान्वयनका लागि मन्त्रालय, वन तथा भू संरक्षण विभाग, प्रदेश वन मन्त्रालयमा एक एक प्रति बुझाउनु पर्नेछ ।

(ख) प्रतिवेदनमा औल्याइएका सुझावका आधारमा व्यवस्थापन कार्ययोजना नै संसोधन गर्नु पर्ने भए मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ ।

**१९. प्रमाणपत्र:** परीक्षणका क्रममा समितिले उत्कृष्ट ठहराएका वन सरोकारवालाहरुलाई केन्द्रले प्रशंसापत्र वा पुरुस्कार दिन सक्नेछ ।

**२०. निर्देशन :** वैज्ञानिक वन व्यवस्थापन सम्बन्धमा प्राविधिक दृष्टिले कुनै सच्याउन पर्ने अवस्था देखिएमा समितिको प्रतिवदेनको आधारमा मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ ।

## परिच्छेद ८: विविध

**२१. यस निर्देशिकाको प्रयोग:** यो निर्देशिका वैज्ञानिक वन व्यवस्थापन लागु भएका सबै प्रकारका वन, सबै प्रकारका व्यवस्थापन पद्धति तथा सबै भौगोलिक क्षेत्रमा प्रयोग गर्न सकिने छ ।

**२२. परीक्षण सम्बन्धी व्यवस्था :** समितिले वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाहरुमा प्राविधिक परीक्षणको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी प्रावधानहरुको व्यवस्था गर्न सुझावहरु दिन सक्नेछ ।

**२३. तथ्यांक :** प्राविधिक परीक्षणका लागि आवश्यक तथ्यांक सम्बन्धित सबै निकायले व्यवस्थित गरी राख्नु पर्नेछ । परीक्षण समितिले माग गरेको बखत अनिवार्य उपलब्ध गराउनु सबै सरोकारवालाको दायित्व हुनेछ । रेकर्ड, कागजात वा तथ्यांक पेश हुन नसकेमा समितिले जिम्मेवार निकाय वा अधिकारी को कैफियत खूलाई प्रतिवेदन तयार गर्नुपर्नेछ ।

महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
वन तथा वातावरण म...
वन अनुसन्धान तथा प्रशिक्षण...
बबरमहल, काठमाडौं

अनुसूची १:

प्राविधिक परीक्षणको कार्यसूची

समितिले परीक्षण कार्यमा निम्न बिषयहरुको अध्ययन समेटी कार्य सम्पादन गर्नुपर्नेछ ।

क जिल्लाको पञ्चवर्षीय कार्ययोजना, समितिहरुको बैठक र माइनुट, समूहको लेखापरीक्षण तथा प्रगति प्रतिवेदनहरु

ख जिल्लामा वैज्ञानिक वन व्यवस्थापनका लागि वन क्षेत्रको छनौट, वनको क्षेत्रफल, वनमा भएका प्रजाति, भू वनावट, भिरालोपना, भू क्षयको संवेदनशीलता, वनको उत्पादनशीलता, खोला, नदी, बाटो, बस्ती लगायतका संवेदनशील स्थानको वन व्यवस्थापन ।

ग वन स्रोत सर्वेक्षण, प्लट, तथ्यांक विश्लेषण, वन सम्वर्धन प्रणालीको छनौट,

घ कम्पार्टमेन्ट, सब कम्पार्टमेण्ट, अग्नी रेखा तथा अन्य निर्माण तथा सुधारका कार्यहरु

ङ सामाजिक, आर्थिक तथ्यांक संकलन विधि, तथ्यांक विश्लेषण विधि, र कार्ययोजनामा भएको व्यवस्था ।

च  वन सम्बर्धन प्रणाली,  माउ रुख चयन, संख्या, गुणस्तर तथा वितरण र पुनरोत्पादन तरिकाहरु,

घ. एकल्याउने, पतल्याउने, सरसफाई, वनको सुरक्षा व्यवस्था र अपनाइउका तरिकाहरुको उपयुक्तता ।

छ. बार्षिक बृद्दि, बार्षिक कटान सिफारिस, कटान चक्र निर्धारण, कटानको मात्रा, कटानको ढांचा, उत्पादनको अनुमान  आदि  ।

ज. पारदर्शिता, सहभागिता, निर्णय प्रकृया, प्रतिवेदन तयारी र पेश, वन पैदावारको वितरण तथा बिक्री

झ. अन्य आवश्यकीय र सरोकारवालाहरुले छलफलमा उठाएका बिषयहरु ।

अनुसूची २ः

परीक्षण प्रतिवेदनको ढांचा

परीक्षण प्रतिवेदन देहाय बमोजिमको हुनेछ ।

१. सारांश :

२. परिचयः परीक्षण कार्यको सामान्य परिचय, कानूनी तथा प्रशासनिक प्रावधान, ,

३. विधिः स्थान, तथ्यांक, संलग्न व्यक्तिहरु, वन कार्ययोजनाहरु, प्रयोग भएको चेकलिष्ट, फिल्ड विधि

४. अध्ययनमा देखिएका कुराहरुको व्याख्यात्मक टिप्पडी

५. मुख्य परीक्षण नतिजाहरु

५. निष्कर्श तथा सुझावह

६. सिफारिसहरु

७.अनुसूची

८. फोटो तथा अन्य सहयोगी कागजातहरु

प्रतिवेदनका कुराहरु यकिन, दोहोरो अर्थ नलाग्ने र तथ्यपूर्ण बनाउनुपर्नेछ ।